प्रति साधारण शेयर मूल्य रु.१००/- मा
प्रिमियम वापत रु.१,१९०/- थप गरी
प्रति शेयर रु.१,२९०/-
अंकित दरका २५,५८,१४० कित्ता साधारण शेयरहरुको
थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू)

दरखास्त दिन पाउने न्यूनतम शेयर : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर : २५,५८० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१,२९०/- प्रति शेयरको दरले

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था
नयाँ बानेश्वर, काठमाडौं ।
फोन नं. ९७७-१-४७८१८००, फ्याक्स नं. ९७७-१-४७८०७६२
इमेलः clientcarecentre.nepal@sc.com / वेवसाइटः www.sc.com/np
को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो।

साधारण शेयरको बिक्री खुला अवधिः

निष्काशन खुला मिति	:	२०७३/१२/०१ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	:	२०७३/१२/०४ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	:	२०७३/१२/१५ गते (बैंकिङ्ग समय पश्चात्)

नेपालको प्रचलित कानून बमोजिम यस बैंकद्वारा जारी गरिएको यस थप सार्वजनिक निष्काशन नेपाली लगानीकर्ताहरुका लागि मात्र खुला रहनेछ । साथै स्ट्याण्डर्ड चार्टर्ड पिएलसीको शेयरधनी Temasek Holdings (Private) Limited **र यसका सम्बन्धित कम्पनीहरुले समेत यस विवरणपत्र मार्फत् जारी गरिने थप सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।**

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७३/११/०२, नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति २०७३/११/०४ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७३/११/०९

१. संगठित संस्थाको नाम : स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड (Standard Chartered Bank Nepal Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस बैंक तत्कालिन कम्पनी ऐन, २०२१ (संशोधन सहित) बमोजिम मिति २०४२/०९/०४ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नामबाट पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट मिति २०४२/१०/१३ मा यस बैंकलाई वित्तीय कारोवार गर्न स्वीकृति प्रदान गरे बमोजिम यस बैंकले मिति २०४२/१०/२४ गतेदेखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५८/०३/२६ को निर्णयबाट साविकको नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नाममा रहे भएको सम्पूर्ण चल अचल सम्पत्ति र तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडमा सर्ने गरी निर्णय भई स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड कायम भएको हो । नेपाल राष्ट्र बैंकबाट मिति २०६२/१२/०४ मा तत्कालिन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ बमोजिम यस बैंकलाई पुनः इजाजतपत्र प्रदान गरे बमोजिम हाल "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको रुपमा यस बैंकले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ ।

३. संगठित संस्थाको रजिष्टर्ड ठेगाना :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३४ मा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस बैंकको प्रधान कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४, नयाँ बानेश्वरमा रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्ना शाखा, उपशाखा वा अन्य कार्यालय मार्फत् नेपालभर कारोवार गर्न सकनेछ । यस बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरे अनुसार नेपालभित्र देहायका स्थानहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ :

क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान	क्र.सं.	शाखाको नाम	शाखा रहेको स्थान
१.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, प्रधान कार्यालय	नयाँ बानेश्वर	२.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	विराटनगर
३.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	वीरगञ्ज	४.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	बुटवल
५.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	धरान	६.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	ललितपुर
७.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	लाजिम्पाट	८.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	नारायणगढ
९.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	नेपालगञ्ज	१०.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	न्यूरोड
११.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	पोखरा	१२.	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय	बौद्ध

माथि उल्लेखित शाखाहरु बाहेक बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई थप ३ एक्सटेन्सन काउन्टरको माध्यमबाट समेत आफ्नो कारोवार संचालन गर्दै आएको छ ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

यस बैंक तत्कालिन कम्पनी ऐन, २०२१ (संशोधन सहित) बमोजिम मिति २०४२/०९/०४ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नामबाट पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो । तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट मिति २०४२/१०/१३ मा यस बैंकलाई वित्तीय कारोवार गर्न स्वीकृति प्रदान गरे बमोजिम यस बैंकले मिति २०४२/१०/२४ गतेदेखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५८/०३/२६ को निर्णयबाट साविकको नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नाममा रहे भएको सम्पूर्ण चल अचल सम्पत्ति र तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडमा सर्ने गरी निर्णय भई स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड कायम भएको हो । नेपाल राष्ट्र बैंकबाट मिति २०६२/१२/०४ मा तत्कालिन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ बमोजिम यस बैंकलाई पुनः इजाजतपत्र प्रदान गरे बमोजिम हाल "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको रुपमा यस बैंकले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ ।
यस बैंकमा ५०% शेयर स्वामित्व स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी, अष्ट्रेलिया, २५% शेयर स्वामित्व स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, यू.के. को रहेको छ भने बाँकी २५% शेयर स्वामित्व नेपाली सर्वसाधारण शेयरधनीहरुको रहेको छ ।

बैंकको प्रबन्धपत्रमा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९, प्रचलित कम्पनी ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस बैंकका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
२. कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायीक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
३. उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणकालागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
४. मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

६. संगठित संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : यस बैंकको अधिकृत पूँजी रू.८,०००,०००,०००/- (अक्षेरुपी आठ अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रू. १००/- का दरले ८०,०००,००० (आठ करोड) साधारण शेयरमा विभाजित गरिएको छ ।
जारी पूँजी : यस बैंकको जारी पूँजी रू.४,००५,७१५,३३३/- (अक्षेरुपी चार अर्ब सन्ताउन्न लाख पन्ध्र हजार तीन सय तेत्तिस रुपैयाँ) रहेको छ ।
चुक्ता पूँजी : यस बैंकको चुक्ता पूँजी रू.३,७४९,९०१,३३३/- (अक्षेरुपी तीन अर्ब चौहत्तर करोड उनान्पस लाख एक हजार तीन सय तेत्तिस रुपैयाँ) रहेको छ । यस विवरणपत्र मार्फत् थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) पूर्ण बिक्री भई साधारण शेयरको बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजी रु.४,००५,७१५,३३३/- (अक्षेरुपी चार अर्ब सन्ताउन्न लाख पन्ध्र हजार तीन सय तेत्तिस रुपैयाँ) हुनेछ ।

७. थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरी बाँडफाँड गरे पश्चात् संस्थाको चुक्ता पूँजीको संरचना :

थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनीहरु	२८,१२४,२६०	७०.२१	२,८१२,४२६,०००	शत् प्रतिशत
(ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	११,९३२,८९३.३३	२९.७९	१,१९३,२८९,३३३.३३	शत् प्रतिशत
	जम्मा	४०,०५७,१५३.३३	१००	४,००५,७१५,३३३.३३	-

८. आधारभूत शेयरधनी/संचालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम / ठेगाना	पद	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, लेभल १, ३४५ जर्ज स्ट्रीट, सिड्नी, अष्ट्रेलिया ।	संस्थापक	लागु नहुने	१८,७४९,५०६.६७	लागु नहुने	लागु नहुने
२	स्ट्याण्डर्ड चार्टर्ड बैंक, १ बासिङ्गहल एभिन्यू, इसरिभि ५ डिडि, लण्डन, यु.के. ।	संस्थापक	लागु नहुने	९,३७४,७५३.३३	लागु नहुने	लागु नहुने

संचालकहरुको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री अनन्त नारायण प्रतिनिधि-स्ट्याण्डर्ड चार्टर्ड बैंक, यु.के.को तर्फबाट (संस्थापक समूह)	अध्यक्ष	४७	भारतीय	मुम्बई, भारत	९,३७४,७५३.३३ (प्रतिनिधित्व गरेको कम्पनीको शेयर)	आईआईटी मुम्बईबाट बि. टेक (ईलेक्ट्रिक ईन्जिनियरीङ), र आई.आई. एम. लखनउबाट एम.बि.ए.	स्ट्याण्डर्ड चार्टर्ड बैंकको आशियन र दक्षिण एशियाको वित्तीय बजार विभागमा क्षेत्रिय प्रमुखको रुपमा हाल कार्यरत । संचालक - स्ट्याण्डर्ड चार्टर्ड सेक्युरीटीज (भारत) लिमिटेड, सेन्ट्रल डिपोजिट सर्भिस लिमिटेड (CDSL) भारत, फिक्सड इन्कम मनि मार्केट एण्ड डिलर्स एसोसिएसन इन्डिया (FIMMDA) र फरेन एक्सचेञ्ज डिलर्स एसोसिएसन अफ इन्डिया (FEDAI) । बैंकिङ्ग क्षेत्रमा २२ बर्षको अनुभव ।
२.	श्री अनुराग अदलखा प्रतिनिधि-स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाइ लिमिटेड, अष्ट्रेलियाको तर्फबाट (संस्थापक समूह)	संचालक	५३	भारतीय	मुम्बई, भारत	१८,७४९,५०६.६७ (प्रतिनिधित्व गरेको कम्पनीको शेयर)	चार्टर्ड एकाउन्टेन्सी	स्ट्याण्डर्ड चार्टर्ड बैंक भारतको प्रमुख वित्तीय अधिकृतको रुपमा हाल कार्यरत । एचएसविसि बैंक भारतमा कार्यरत अवधी सहित वित्तीय क्षेत्रमा २३ वर्षको अनुभव ।
३.	श्री सुजित मुन्दुल प्रतिनिधि-स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाइ लिमिटेड, अष्ट्रेलियाको तर्फबाट (संस्थापक समूह)	संचालक	६४	भारतीय	कोलकता, भारत		एम.एस.सी., इकोनोमिक्स र अंग्रेजीमा बि.ए.(अनर्स), एल.एल.बि., सि.ए.आई. आई.बि., ए.आई.बि.	यस बैंकको प्रमुख कार्यकारी अधिकृतको कार्य गरेको अनुभव सहित स्ट्याण्डर्ड चार्टर्ड बैंकको उच्च व्यवस्थापन तहमा विभिन्न विभागमा ४२ बर्षको बैंकिङ्ग अनुभव ।
४.	श्री जोसेफ सिल्भानस प्रतिनिधि-स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाइ लिमिटेड, अष्ट्रेलियाको तर्फबाट (संस्थापक समूह)	संचालक	५१	भारतीय	मुम्बई, भारत		व्यवस्थापन विषयमा स्नातकोत्तर, इकोनोमिक्समा अनर्स डिग्री	हाल यस बैंकको कार्यकारी प्रमुखको रुपमा कार्यरत । यस अघि स्ट्याण्डर्ड चार्टर्ड बैंक, अफगानिस्तानको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्नुका साथै स्ट्याण्डर्ड चार्टर्ड बैंकको दक्षिण एशिया क्षेत्रमा बैंकको डेभलपमेण्ट अर्गनाईजेसन्स विभाग समेत गरी २५ बर्षको बैंकिङ्ग अनुभव ।
५	श्री कृष्ण कुमार प्रधान	स्वतन्त्र व्यावसायीक संचालक	६१	नेपाली	इमाडोल, सितापाखा, ललितपुर	लागु नहुने	अर्थशास्त्रमा स्नातकोत्तर, बि.एल.	नेपाल राष्ट्र बैंकका विभिन्न विभागहरु जस्तैः बैंकिङ्ग कार्यालय, लघुवित्त विभाग, नियमन विभाग, बैंकर्स ट्रेनिङ्ग सेन्टर लगायतमा २८ बर्षको अनुभव । साथै नबिल इन्भेष्टमेण्ट बैंकिङ्गको व्यावसायीक संचालक, नयाँ नेपाल लघुवित्त विकास बैंकको संस्थापक अध्यक्ष, साविकको पुर्वाञ्चल ग्रामीण विकास बैंकको अध्यक्ष, राष्ट्रिय वाणिज्य बैंक र बीमा संस्थानमा संचालक समेतको अनुभव ।
६	श्री शंकर लाल अग्रवाल (सर्वसाधारण समूह)	संचालक (सर्वसाधारण समूहबाट)	७२	नेपाली	कमलपोखरी, काठमाडौं	२८०,७२९.३३	व्यवस्थापनमा स्नातकोत्तर	उद्योग तथा व्यापारको क्षेत्रमा ५० बर्ष भन्दा बढीको व्यावसायीक अनुभव ।

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :
यस बैंकको नियमावलीको नियम ८(२) मा भएको व्यवस्था अनुसार ६ (छ) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

संस्थापक समूहका शेयरधनीहरुको आपसी समझदारीबाट मनोनित वा निर्वाचित अ) स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी, अष्ट्रेलियाबाट तीन (३) जना आ) स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, यु.के.बाट एक (१) जना	४ (चार) जना
सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित	१ (एक) जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायीक विशेषज्ञहरुको सूचीबाट संचालक समितिले नियुक्त गरेको व्यावसायीक संचालक	१ (एक) जना

संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।
प्रस्तावित सार्वजनिक शेयर निष्काशन पश्चात् बैंकको संचालक समितिको संरचनामा कुनै परिवर्तन हुने छैन ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था : यस बैंकको नियमावलीमा व्यवस्था भए अनुसार बैंकको संचालक पदमा नियुक्त हुनको लागि कुनैपनि व्यक्तिले आफ्नो नाममा कम्तीमा ३०० (तीन सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले लिएको शेयरको अनुपातमा हुन आउने संचालक/वैकल्पिक संचालक नियुक्त गर्दा तथा नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायीक विशेषज्ञहरुको सूचीबाट नियुक्त गर्ने व्यावसायीक संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।

१०. सिमित दायित्व सम्बन्धी विवरण :

यो बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस बैंकका शेयरवालाको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

११. संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब सहितको संक्षिप्त विवरण :

बैंकको आ.ब. २०६८/६९, २०६९/७०, २०७०/७१, २०७१/७२ र २०७२/७३ सम्मको लेखापरीक्षण भएको तथा २०७३ पौष मसान्तको लेखापरीक्षकबाट प्रमाणित अपरिष्कृत वासलात र नाफा-नोक्सानको वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)					पौष मसान्त ०७३/०७४*
	आ.व.२०६८/०६९	आ.व.२०६९/०७०	आ.व.२०७०/०७१	आ.व.२०७१/०७२	आ.व.२०७२/०७३	
शेयर पूँजी	१,८५१,६९३	२,०३९,२९०	२,२४५,८३९	२,८१०,२०२	३,७४९,९०१	३,७४९,९०१
जगेडा तथा कोषहरु	२,२७०,४७६	२,५७८,२८४	२,८४२,२५२	३,२८२,५४२	३,७७४,२७४	४,५१४,४२०
ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-
तिर्न बाँकी कर्जा तथा सापटी	-	-	-	-	५००,०००	१,५००,०००
निक्षेप हिसाब	३५,९६५,६३१	३९,४६६,४५३	४६,२९८,५३२	५७,२८६,४८२	५५,७२७,१७८	६१,९८६,१८१
भुक्तानी दिनुपर्ने बिलहरू	८६,३७९	४९,५४१	६७,४४०	१७७,०८६	३१०,१८४	-
प्रस्तावित लाभांश	७२४,५७६	७४१,५६०	८४७,२९४	४३१,८८४	४९,३४१	-
आयकर दायित्व	-	-	-	-	-	५७,६३४
अन्य दायित्व	७७८,२९७	७५५,९७२	१,०२२,७४५	१,०७०,८४९	१,०७४,८५४	१,२२०,३८६
कुल पूँजी तथा दायित्व	४१,६७७,०५२	४५,६३१,१००	५३,३२४,१०२	६५,०५९,०४४	६५,१८५,७३२	७३,०२८,५२३

सम्पत्ति	वास्तविक (रु.हजारमा)					पौष मसान्त ०७३/०७४*
	आ.व.२०६८/०६९	आ.व.२०६९/०७०	आ.व.२०७०/०७१	आ.व.२०७१/०७२	आ.व.२०७२/०७३	
नगद मौज्दात	५०९,६७८	६८७,६८१	६१३,७६८	७८५,६३६	७९९,३६६	४,०५२,९८५
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४,८३३,९२०	४,५८८,२७०	६,६६२,४५२	९,३०८,११६	१,५१४,६७१	
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	१,०२२,६३५	१,१२९,०४८	१,७१२,०८३	१,४७८,६९०	१,६५८,२९५	
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	२,१२६,०३५	३,००९,०६४	७,९६०,३०५	११,९७३,५४६	६,०६९,६६०	१३,३८०,२५५
लगानी	१२,९६६,६३५	१२,७५३,५१८	९,३९१,३७९	१३,१२०,०६३	२३,०९४,६२२	१९,७३४,४८७
कर्जा, सापट तथा बिल खरीद	१९,५७५,९६८	२२,८२८,८३८	२५,९७६,५८५	२७,६८१,३१३	३१,३०२,९५०	३५,१०६,९६८
स्थिर सम्पत्ति	८९,६३३	८१,५१८	६८,७२६	८३,८५३	७१,३०६	९०,५२७
गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-
अन्य सम्पत्ति	५५२,५४८	५५३,१६३	७३८,८०४	६२७,८२७	६७४,८६३	६६३,३०१
कुल सम्पत्ति	४१,६७७,०५२	४५,६३१,१००	५३,३२४,१०२	६५,०५९,०४४	६५,१८५,७३२	७३,०२८,५२३

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)					पौष मसान्त ०७३/०७४*
	आ.व.२०६८/०६९	आ.व.२०६९/०७०	आ.व.२०७०/०७१	आ.व.२०७१/०७२	आ.व.२०७२/०७३	
व्याज आम्दानी	२,८७०,९७१	२,५३५,३५९	२,५८३,९५८	२,५७१,०१२	२,४१५,५८३	१,३०८,४९४
व्याज खर्च	१,००७,१९९	६११,३८२	५७६,२९९	६५७,४९७	५६५,७०५	२६१,०९६
खुद ब्याज आम्दानी	१,८६३,७७२	१,९२३,९७७	२,००७,६५९	१,९१३,५१५	१,८४९,८७८	१,०४७,३९८
कमिशन तथा डिस्काउण्ट	२६७,७६६	२९४,९६८	३८३,६११	३६२,९६४	३५७,५२०	२५३,९३७
अन्य सञ्चालन आम्दानी	३८,३५५	४२,७२७	४४,१५७	३८,०१०	४८,०९६	३३,२५८
सटही घटबढ आम्दानी	४६८,५५७	५१५,०५०	४७७,९९६	६१३,९३६	६२९,५५५	३२३,६१७
कुल सञ्चालन आम्दानी	२,६३८,४५०	२,७७६,७२१	२,९१३,४२३	२,९२८,४२५	२,८८५,०४९	१,६५८,२१०
कर्मचारी खर्च	३८६,८२३	४२१,६३१	४८२,०८३	४६८,२७८	४८४,१३६	२५५,५०१
अन्य सञ्चालन खर्च	३४९,३६५	३८२,४८४	३६८,०३०	४२०,९७३	४३८,९१४	२०७,४३४
सटही घटबढ नोक्सान	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	१,९०२,२६१	१,९७२,६०७	२,०६३,३१०	२,०३९,१७४	१,९६१,९९९	१,१९५,२७६
सम्भावित नोक्सानी व्यवस्थाहरु	२०८,२५१	११०,१२५	८४,४०१	१८८,६८२	२६०,७५१	७५,०६४
सञ्चालन मुनाफा	१,६९४,०१०	१,८६२,४८१	१,९७८,९०९	१,८५०,४९२	१,७०१,२४८	१,१२०,२१२
गैर सञ्चालन आम्दानी/खर्च	७०८	१,१७०	५१,८७४	६३,८६१	३७,८५३	५,४९९
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	१९०,९१८	५०,१३५	६३,५३१	१४९,६८८	२५७,९७४	३३,६८५
नियमित कारोवारबाट भएको मुनाफा	१,८८५,६३५	१,९१३,७८६	२,०९४,३१४	२,०६४,०४१	१,९९७,०७५	१,१५९,३९६
असामान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च	(४२,५७७)	२,४१०	(१,५२४)	१७,५२५	१,७८७	३,६९१
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	१,८४३,०५९	१,९१६,१९६	२,०९२,७९०	२,०८१,५६६	१,९९८,८६२	१,१६३,०८६
कर्मचारी बोनस व्यवस्था	१६७,५५१	१७४,२००	१९०,२५४	१८७,०९९	१८१,७१५	१०५,७३५
आयकर व्यवस्था	५०६,५४०	५२४,०५६	५६५,९४७	५८४,११५	५२४,६५२	३१७,२०५
- यस बर्षको कर व्यवस्था	५१०,९२७	५२७,१०५	५७१,५२५	५८६,७१७	५०२,४७५	३१७,२०५
- गत बर्षसम्मको कर व्यवस्था	३,६०९	-	२,३६७	७,७४६	८५६	-
- यस बर्षको स्थगन कर आम्दानी/खर्च	(७,९९५)	(३,०४९)	(७,९४५)	(१०,३४८)	२१,३२१	-
खुद नाफा/(नोक्सान)	१,१६८,९६७	१,२१७,९४१	१,३३६,५८९	१,३१०,३५२	१,२९२,४९५	७४०,१४६
शेयर संख्या (हजारमा)**	१६,१०२	१८,५३९	२०,४१७	२२,४८२	२८,१२४	३७,४९९
प्रति शेयर आम्दानी	७२.६०	६५.७०	६५.४७	५८.२९	४५.९६	१९.७४

* आ.ब.२०७३/०७४ को पौष मसान्तसम्मको लेखापरीक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।
** बैंकले मुनाफाबाट जारी गरेको बोनस शेयर समावेश नभएको ।

१२. आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

पूँजी तथा दायित्व	प्रक्षेपित (रु.हजारमा)**		
	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५	आ.व.२०७५/०७६
शेयर पूँजी	८,०४९,९०१	८,०४९,९०१	८,०४९,९०१
जगेडा तथा कोषहरु	४,२५१,२१९	६,०७१,७३८	८,२५९,८४२
ऋणपत्र तथा बण्ड	-	-	-
तिर्न बाँकी कर्जा तथा सापटी	-	-	-
निक्षेप हिसाब	७०,२७६,८३६	८१,४३६,३२४	९२,३८९,२५३
भुक्तानी दिनुपर्ने बिलहरू	-	-	-
प्रस्तावित लाभांश	-	-	-
आयकर दायित्व	-	-	-
अन्य दायित्व	१,१८०,६७६	१,२६६,०३२	१,३६२,३०९
कुल पूँजी तथा दायित्व	८३,७५८,६३२	९६,८२३,९९५	११०,०६१,३०५

सम्पत्ति	प्रक्षेपित (रु.हजारमा)**		
	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५	आ.व.२०७५/०७६
नगद मौज्दात	८१३,००४	९१६,११४	१,०३२,३००
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४,००२,५३६	५,७७९,३१८	८,००८,७७४
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	६४३,९९५	७२५,६७०	८१७,७०३
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-
लगानी	३६,२७२,०५९	३७,३२६,०००	३८,३६२,५००
कर्जा, सापट तथा बिल खरीद	४०,७५५,०१३	५०,२३४,६४९	५९,६४७,१२२
स्थिर सम्पत्ति	७६,६२९	८६,३४८	९७,२९९
गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
अन्य सम्पत्ति	१,१९५,३९६	१,७५५,८९६	२,०९५,६०७
कुल सम्पत्ति	८३,७५८,६३२	९६,८२३,९९५	११०,०६१,३०५

प्रक्षेपित वित्तीय विवरणमा लाभांश प्रस्ताव समावेश गरिएको छैन । संचालक समितिले आर्थिक वर्षको वास्तविक वित्तीय प्रदर्शनको आधारमा भविष्यमा लाभांश वितरणका बारेमा निर्णय लिनेछ ।

नाफा-नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा)**		
	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५	आ.व.२०७५/०७६
व्याज आम्दानी	२,८९०,८०८	३,५६४,५२७	४,२५६,४५६
व्याज खर्च	५६०,००७	६७७,४६८	७८९,६४४
खुद ब्याज आम्दानी	२,३३०,८०१	२,८८७,०६०	३,४६६,८१२
कमिशन तथा डिस्काउण्ट	३८१,२८७	४२१,९५६	४६६,८७३
अन्य सञ्चालन आम्दानी	-	-	-
सटही घटबढ आम्दानी	७५३,५३०	७८५,१५३	८२०,३३२
कुल सञ्चालन आम्दानी	३,४६५,६१७	४,०९४,१६९	४,७५४,०१७
कर्मचारी खर्च	५४५,४४०	६१०,३३०	६६२,३८२
अन्य सञ्चालन खर्च	४७२,५४४	५०८,९७२	५४३,६८१
सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	२,४४७,६३२	२,९७४,८६७	३,५४७,९५४
सम्भावित नोक्सानी व्यवस्थाहरु	१३७,६४२	१२५,१९४	१२०,८६९
सञ्चालन मुनाफा	२,३०९,९९१	२,८४९,६७३	३,४२७,०८५
गैर सञ्चालन आम्दानी/खर्च	-	-	-
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	२,३०९,९९१	२,८४९,६७३	३,४२७,०८५
असामान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	२,३०९,९९१	२,८४९,६७३	३,४२७,०८५
कर्मचारी बोनस व्यवस्था	२०९,९९९	२५९,०६१	३११,५५३
आयकर व्यवस्था	६२९,९९७	७७७,१८४	९३४,६६०
- यस बर्षको कर व्यवस्था	६२९,९९७	७७७,१८४	९३४,६६०
- गत बर्षसम्मको कर व्यवस्था	-	-	-
- यस बर्षको स्थगन कर आम्दानी/खर्च	-	-	-
खुद नाफा/(नोक्सान)	१,४६९,९९४	१,८१३,४२९	२,१८०,८७२
शेयर संख्या (हजारमा)	४०,०५७	८०,४९९	८०,४९९
प्रति शेयर आम्दानी	३६.७०	२२.५३	२७.०९

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औषत प्रतिफल

विवरण	वास्तविक (रु.हजारमा)					प्रक्षेपित (रु.हजारमा)**		
	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
चुक्ता पूँजी	१,६१०,१६८	१,८५३,९००	२,०४१,६७२	२,२४८,१६१	२,८१२,४२६	४,००५,७१५	८,०४९,९०१	८,०४९,९०१
प्रस्तावित बोनश शेयर	२४१,५२५	१८५,३९०	२०४,१६७	५६२,०४०	९३७,४७५	४,०४४,१८६	-	-
जगेडा तथा कोषहरु	२,२७०,४७६	२,५७८,२८४	२,८४२,२५२	३,२८२,५४२	३,७७४,२७४	४,२५१,२१९	६,०७१,७३८	८,२५९,८४२
जम्मा	४,१२२,१६९	४,६१७,५७४	५,०८८,०९१	६,०९२,७४४	७,५२४,१७५	१२,३०१,१२०	१४,१२१,६३९	१६,३०९,७४३
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-	-
जम्मा नेटवर्थ	४,१२२,१६९	४,६१७,५७४	५,०८८,०९१	६,०९२,७४४	७,५२४,१७५	१२,३०१,१२०	१४,१२१,६३९	१६,३०९,७४३
शेयर संख्या (हजारमा)	१६,१०२	१८,५३९	२०,४१७	२२,४८२	२८,१२४	४०,०५७	८०,४९९	८०,४९९
प्रति शेयर नेटवर्थ (रु.)	२५६.०१	२४९.०७	२४९.२१	२७१.०१	२६७.५३	३०७.०९	१७५.४३	२०२.६१
नेटवर्थमा प्रतिफल (%)	२८.३६	२६.३८	२६.२७	२१.५१	१७.१८	११.९५	१२.८४	१३.३७
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

** प्रक्षेपित वित्तीय विवरण बैंक आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी बिआरएस न्यौपाने एण्ड कम्पनीका एफसिए श्री अनुप कुमार श्रेष्ठद्वारा प्रमाणित गरिएको छ ।

१३. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) वित्तीय साधनको अभावबाट हुने जोखिमः बैंकले प्रयोगमा ल्याएका सेवा तथा सुविधाहरुमा उपयोग हुने सम्पूर्ण वित्तीय साधनहरु उपलब्ध रहेको तथा भविष्यमा जारी गरिने सेवा तथा सुविधाको हकमा वित्तीय साधनको उपलब्धता पछि मात्र सेवा तथा सुविधा प्रयोगमा ल्याईने छ ।

ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम : लागु नहुने ।

ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम : बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धिले यस क्षेत्र एकिकृत हुनुका साथै यस क्षेत्रको संस्थागत पुनर्संरचना हुने हामीले अपेक्षा गरेका छौं । यसले बैंकहरुको प्रतिस्पर्धात्मक र जोखिम वहन गर्नसक्ने क्षमता बढाउने छ । तसर्थ, हामीले आगामी दिनहरुमा वित्तीय क्षेत्र थप प्रतिस्पर्धी हुने अपेक्षा गरेका छौं । प्रतिस्पर्धाबाट उत्पन्न हुने जोखिम व्यवस्थापनमा यस बैंकको अन्तर्राष्ट्रिय संजाल, उत्कृष्ट सेवा तथा सुविधा, परिवर्तनलाई आत्मसात गर्नसक्ने क्षमता, गुणस्तरीय कर्जा पोर्टफोलियो एवं जोखिम व्यवस्थापन गर्ने संस्कार तथा विशेषज्ञताबाट थप सहयोग पुग्नेछ ।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम : लागु नहुने ।

ङ) विदेशी विनिमयको जोखिम : बैंकको विदेशी मुद्रामा ऋण लगानी न्यून रहेको छ । यस बाहेक विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने पविर्तनबाट हुनसक्ने जोखिमहरुलाई व्यवस्थापन गर्न आवश्यक उपायहरु अवलम्बन गरिएका छन् ।

च) कानुनी प्रक्रियाहरु तथा ईजाजतप्राप्त गर्नुपर्ने भए सोबाट पर्नसक्ने अवरोधहरु : कानुनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने विषयमा भविष्यमा कुनै उल्लेख्य अवरोध पर्ने नदेखिएको ।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बजारमा हुने उतारचढावले नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
यस बैंक मुख्यतया छोटो अवधीकालागि गरिने अन्तर्राष्ट्रिय व्यापारिक कारोवारहरुमा संलग्न रहने हुनाले यस्ता व्यापारसँग अन्तर्निहीत विश्व तथा क्षेत्रीय बजारमा वस्तुको मूल्यमा आउने उतार चढाव एवं विनिमय दरको परिवर्तनबाट हुनसक्ने जोखिमहरुलाई तत्परताका साथ व्यवस्थापन गर्न सक्षम रहेको छ । हामी अन्तर्देशीय ऋण लगानी (Off-shore Financing) सँग सम्बन्धित कारोवारहरुमा संलग्न छैनौं । नेपालको एक प्रमुख विदेशी विनिमयको श्रोत रहेको वैदेशिक रोजगारी अन्तर्राष्ट्रिय एवं क्षेत्रीय आर्थिक घटनाक्रमबाट प्रभावित रहने हुनाले यसबाट प्राप्त हुने विप्रेषणमा भने यसको असर पर्ने देखिन्छ । यसबाट देशको वैदेशिक विनिमय संचिति, भुक्तानी सन्तुलन एवं आर्थिक स्थिरतामा असर पर्न सक्दछ र यसबाट पर्नसक्ने अप्रत्यक्ष असरहरुलाई बैंकले आफनो पोर्टफोलियोको भार मूल्याङ्कन (Stress Testing) लगायत अन्य कार्यविधी अनुसरण गरी व्यवस्थापन गर्ने गर्दछ । विश्वव्यापीकरणबाट हाम्रो व्यवसायमा कुनै नोक्सानी व्यहोर्नुपर्ने अवस्था सृजना नहुने अनुमान गरेका छौं । प्रस्तावित पूँजी वृद्धिले बैंकको जोखिम वहन गर्नसक्ने क्षमता थप सुदृढ हुन जानेछ ।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम : नेपाल सरकार तथा नेपाल राष्ट्र बैंक एवं अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन वा नियमहरुले समग्र बैंकिङ्ग क्षेत्र एवं यस बैंकलाई समेत असर पर्न जाने सम्भावना रहन्छ । हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको पालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नियामक परिवर्तनबाट बैंकको कार्यसंचालनमा ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं ।
नेपाल राष्ट्र बैंकद्वारा हालसालै जारी गरीएका (क) बैंक एवं वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि सम्बन्धी निर्देशन र (ख) उत्पादनशील, कृषि, उर्जा एवं विपन्न वर्गमा लगानी गर्नुपर्ने कर्जा सीमा सम्बन्धी निर्देशनले बैंकलाई असर पर्ने देखिन्छ । अहिले हाम्रो प्राथमिकता नेपाल राष्ट्र बैंकबाट जारी भएका उपरोक्त निर्देशनहरुलाई पालना गर्ने रहेको छ । विपन्न वर्ग कर्जाको हकमा भने तोकिएको प्रत्यक्ष कर्जा लगानीको सीमा हासिल गर्नकालागि बैंक प्रयासरत छ । बैंकले निर्देशित कर्जा लगानी सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले एक छुट्टै इकाइ स्थापना गरेको छ । यसबाट निर्देशित कर्जाको लक्ष्य प्राप्त गर्न सहयोग पुग्न जानेछ । नेपाल राष्ट्र बैंकले Basel III को कार्यान्वयनलाई चरणबद्ध रुपमा लैजानुपर्ने नियम लागु गरको छ र हामीले तोकिएको समय सीमाभित्र नै सोलाई कार्यान्वयन गर्ने अपेक्षा राखेका छौं ।
हामी बलियो रुपमा विश्वव्यापी उपस्थिती रहेको एक अन्तर्राष्ट्रिय बैंकको सहायक कम्पनी भएका नाताले, मुद्रा निर्मलीकरण, बन्देज (Sanctions Compliance) अनुपालना तथा वित्तीय अपराध नियन्त्रणका क्षेत्रमा समय समयमा जारी एवं परिवर्तन हुने अन्तर्राष्ट्रिय नीति नियमहरु पालना गर्न सघाउ पुगेको मात्र छैन की अन्तर्राष्ट्रिय जगतमा प्रचलित असल अभ्यास (Best Practices) हरु अवलम्बन गर्न पनि सहयोग मिलेको छ ।

झ) संचालन इतिहासको अभाव : लागु नहुने ।

ञ) प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम : प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम र त्यस्ता जोखिम न्यून गर्ने सम्बन्धमा गरिआएका पहल तथा भावी योजना देहाय बमोजिम रहेको छ ।

प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम	जोखिम न्यूनिकरणका उपाय	जोखिम न्यूनिकरण सम्बन्धमा भावी योजना
नयाँ प्रविधि तथा आविष्कारलाई समय सापेक्ष रुपमा ग्रहण गर्न नसकेको अवस्थामा हुनसक्ने जोखिम ।	- प्रविधिमा छरितोपना ल्याउने र प्रविधिको सरलीकृत उपयोग । - केन्द्रीकृत प्रणाली तथा साझाप्रविधिहरुमा सहभागिता । - नयाँ प्रविधिहरुको खोज ।	आगामी वर्षहरुमा प्राविधिक विकास तथा कार्यक्रमहरुमा थप लगानी ।
सूचना संजालका जोखिमहरु (जस्तै मालवेयर, अनाधिकृत प्रयोग, ह्याकिङ्ग, गलत प्रयोग, सामाजिक संजालको अनाधिकृत प्रयोग)	- सूचना सुरक्षा तथा नाजुक तथ्यांक व्यवस्थापन रणनीतिको अवलम्बन । - जोखिमहरुबाट प्राविधिक संरचनाहरुमा पर्न जाने प्रभावको निर्धारण तथा सुरक्षाको प्रवन्ध । - सुपरीवेक्षण, निगरानी र निवारणको सामर्थ्य । - सूचना तथा संजाल सुरक्षा जोखिम व्यवस्थापन गर्न विज्ञ एवं विशेषज्ञहरुसँग मजबुत समन्वय ।	सूचना संजाल सुरक्षाका नयाँ प्रविधिहरु अपनाई प्राविधिक रुपान्तरण गर्ने ।
बैंकिङ्ग प्रविधिमा आउनसक्ने अस्थिरताको जोखिम ।	- प्रविधिको आधुनिकिकरण । - केन्द्रीकृत सेवाको निरन्तर निगरानी । - प्रविधि उपयोग पुर्व परीक्षण । - सरलिकृत तथा पारदर्शी परिवर्तन व्यवस्थापन विधि । - डिजास्टर रिकभरी क्षमताको अभिवृद्धि ।	परिवर्तन व्यवस्थापनको स्वचालित विधिलाई सबलीकरण गर्ने ।

ट) अन्य :
निम्न उल्लेखित जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न नसकेको अवस्थामा बैंकको जोखिम वहन गर्ने क्षमता एवं व्यावसायीक, आर्थिक एवं संचालन नतिजामा असर पर्न जानेछ ।

- देशको राजनीतिक अस्थिरताबाट संचालन तथा वित्तीय अवस्थामा पर्ने जोखिम ।
- कर्जा वा लगानी खराब कर्जा तथा लगानीमा परिणत हुँदा बैंकको आम्दानी संकुचन हुने जोखिम ।
- पूँजी बजारमा आउने गिरावटको कारण बैंकको लगानीको मूल्यमा ह्रास आउने जोखिम ।
- सरकारी सुरक्षणपत्रहरुको व्याजदरमा आउने परिवर्तनबाट बैंकको आम्दानी संकुचन हुने जोखिम ।
- कार्यसंचालन जोखिम (Operational Risk) बाट हुनसक्ने हानी नोक्सानी ।
- सम्पत्ति शुद्धिकरण लगायत वित्तीय अपराध सम्बन्धी जोखिमबाट हुनसक्ने हानी नोक्सानी ।
- प्राकृतिक प्रकोप (जस्तैः भुकम्प) को कारणबाट व्यवसायमा आउने प्रभावको जोखिम ।

बैंकले विगतदेखि नै जोखिम व्यवस्थापनको क्षेत्रमा गर्दै आईरहेको उत्कृष्ट प्रदर्शन, गुणस्तरीय कर्जा पोर्टफोलियो, जोखिम निगरानी एवं नियन्त्रण विधिको अवलम्वन तथा कुशल एवं तत्परताकासाथ जोखिम व्यवस्थापन गर्ने नीति अवलम्बन गर्ने गरेका कारण संचालन एवं वित्तीय अवस्थामा उपरोक्त जोखिमहरुबाट उल्लेख्य असर पर्न जाने देखिँदैन । बैंकले पहिचान गरेका संभाब्य जोखिमहरु व्यवस्थापन तथा न्युनिकरण गर्न विभिन्न जोखिम तथा सुशासन समितिहरुमा तत्परताका साथ कार्ययोजना पेश गरी लागु गर्ने गर्दछ ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

कर्जासँग सम्बन्धित जोखिमहरु, कुनैपनि व्यवसायहरु गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहीत जोखिमहरु लगायत बजार र तरलता, कार्यसंचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ । जोखिम व्यवस्थापनका लागि बैंकले अवलम्बन गरेका सिद्धान्तहरु निम्न उल्लेखित छन् :

- जोखिम र प्रतिफल बिच सन्तुलन ।
- अनुशासित र संयमित जोखिम वहन ।
- अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृति पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचीत संरचना तथा साधनहरुको उपलब्धता ।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।
- प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।

यस बैंकले स्ट्याण्डर्ड चार्टर्ड समूहको जोखिम व्यवस्थापन कार्यविधि (Risk Management Framework) लाई संचालक समितिबाट अनुमोदन गराई अवलम्बन गरेको छ जुन बैंकिङ्ग क्षेत्रको जोखिम ब्यवस्थापनमा नविन र उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरुको आधारमा बनेको छ । यो कार्यविधिले माथि उल्लेखित जोखिमहरुको उचीत नियन्त्रण तथा निराकरणको लागि आवश्यक मार्गनिर्देशन गर्दछ ।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् । यसर्थ उल्लेखित विधिहरु बैंकको जोखिम न्युनिकरण एवं व्यवस्थापनकालागि पूर्ण प्रभावकारी छन् भन्ने कुरामा भने आश्वस्त हुन सकिँदैन ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशनमा प्रिमियम रु.१,१९०/- थप गरी प्रति शेयर रु.१,२९०/- कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :

शेयरको अंकित मूल्य रु. १००/- मा रु.१,१९०/- प्रिमियम थप गरि प्रति शेयर रु.१,२९०/- मा निष्काशन गरिएको छ । यसका कारण र औचित्य निम्नानुसार छन् ।

१) कम्पनी ऐन, २०६३ को दफा २९ बमोजिम प्रिमियम मूल्यको शेयर जारी गर्नसक्ने गरी देहाय बमोजिमको अवस्था पूरा भएको ।
  क) बैंक विगत तीन वर्षदेखि लगातार मुनाफामा संचालन भई लाभांश वितरण गरिरहेको ।
  ख) बैंकको सम्पूर्ण दायित्व भन्दा खुद सम्पत्ति (Net Worth) बढी रहेको ।
  ग) बैंकको साधारण सभाले प्रिमियम मूल्यका शेयर जारी गर्ने निर्णय गरेको ।
  घ) नेपाल धितोपत्र बोर्डको मिति २०७३/०४/२८ को प्रेस-विज्ञप्तिबाट सर्वसाधारणमा प्रिमियम मूल्यमा शेयर जारी गर्नसक्ने निर्देशन प्राप्त भएको ।
२) यस विवरणपत्र मार्फत् थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत् सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको मूल्याङ्कन सम्बन्धी कार्य गर्नकालागि बैंकबाट नियुक्त श्री बिआरएस न्यौपाने एण्ड कम्पनीद्वारा नेपाल धितोपत्र बोर्डबाट जारी गरिएको प्रेस विज्ञप्तिमा तोकिएको विधिद्वारा मूल्याङ्कन गरी मूल्य निर्धारण गरिएको हो । मूल्य निर्धारणको औचित्यका सम्बन्धमा उक्त विज्ञबाट मूल्य निर्धारण गर्दा निम्न प्रक्रियाहरु अपनाईएको ।
  क) पूँजीकृत भएको आम्दानी (Capitalized Earnings) द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.५६०/- हुन आएको ।
  ख) प्रति शेयर खुद सम्पत्तिको मूल्य (Net-worth Per Share/Book Value Per Share) द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.२११/- हुन आएको ।
  ग) १८० दिनको औषत बजार मूल्य (180 Days Average of Closing Market Price) द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.३,४१०/- हुन आएको ।
  घ) भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (Discounted Cash Flow-DCF) द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.९८४/- हुन आएको । Perpetual growth rate ७% तथा Discount rate ११% अनुमान गरिएको ।
  यी सबै तरिका तथा बजार मूल्य समेतलाई आधार मान्दा प्रति शेयर औसत मूल्याङ्कन दर रु.१,२९१/- हुन आएकोमा प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम मूल्य रु.१,१९१/- थप गरी प्रति शेयर रु.१,२९१/- मा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्न सकिने सिफारिश भै आएकोमा यस बैंकको संचालक समितिको मिति २०७३/०९/२८ मा बसेको ३५०औं बैठकबाट अंकित मूल्य रु.१००/- मा प्रिमियम मूल्य रु.१,१९०/- थप गरि प्रति शेयर रु.१,२९०/- मा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गर्ने गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि पेश गर्ने निर्णय भएको ।

१५. बैंकको सकारात्मक पक्षहरु :

- देश तथा विदेशमा रहेको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- आर्थिक र प्रतिष्पर्धि बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

१६. धितोपत्रको बाँडफाँड फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत् जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ ।

ख अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँड-पत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ वा आवेदकले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईनेछ । साथै "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर : **"धितोपत्र निष्काशन निर्देशिका, २०६५"** मा भएको व्यवस्था अनुसार तोकिएको समयावधिभित्र बाँडफाँड-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ । उपरोक्त व्यवस्था आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि : धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली २०६७ को नियम २४ को उपनियम ७ मा भएको व्यवस्था अनुसार यस विवरणपत्र मार्फत् निष्काशन गरिएको शेयरको बाँडफाँड गरी ३० दिनभित्र शेयरको सूचिकरण गरी आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गरिनेछ ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : बैंकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको । थप सार्वजनिक निष्काशन गरिने शेयर बाँडफाँड पश्चात् सूचिकरण गरिने छ ।

च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : थप सार्वजनिक निष्काशन गरिने साधारण शेयर **धितोपत्र निष्काशन निर्देशिका**,२०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१७. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्न स्थानहरुमा सम्पर्क राखि बैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, नयाँ बानेश्वर, काठमाडौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस बैंकको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र बैंकको रजिष्टर्ड कार्यालय, नयाँ बानेश्वर, काठमाडौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत् निष्काशन गरिने शेयर खरीदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.१२९०/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएका संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनुपर्नेछ ।
३. यस विवरणपत्र मार्फत् निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम २५,५८० (पच्चिस हजार पाँच सय असी) कित्तासम्म शेयर खरीद गर्नकालागि दरखास्त दिन सकिनेछ ।

१९. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत् जारी गरिने नयाँ शेयर खरीदकालागि दरखास्त दिन सक्नेछन् ।
२. दरखास्त दिँदा बैंकले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरीद गर्न चाहेको शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटोसहित नागरिकता प्रमाणपत्रको नम्बरका साथै काठमाडौं उपत्यका भित्र आवेदन बुझाउन चाहने आवेदनकर्ताले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (DP ID & Client ID) पूर्ण रुपमा उल्लेख गर्नुका साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफूले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनुपर्नेछ । नावालकको हकमा आवेदन दिँदा नेपाल सरकारको पञ्जिकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
३. आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत् आवेदन फारम बुझाउन चाहने दरखास्तवालाले सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेवसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।
४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
५. दरखास्तवालालाई रकम फिर्ता दिँदा दरखास्त फारममा उल्लेख गरिएको निजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।
६. थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) को क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत् रजिष्ट्री गरी एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।
७. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिँदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् रकम जम्मा गर्नुपर्नेछ । यसरी एकाउण्टपेयी चेक मार्फत् दरखास्त दिँदा MICR Cheque मार्फत् मात्र दरखास्त दिनुपर्नेछ ।
८. रु.१० लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN Number) दरखास्त फारममा खुलाउनुपर्नेछ । साथै रु.१० लाख रुपैयाँ वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफूले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नुपर्नेछ ।
९. आबेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नुपर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. संयुक्त रुपमा साधारण शेयर खरीद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरीद गर्नकालागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसँग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसँग गरिनेछ ।
१२. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
१३. बाँडफाँडबाट कायम शेयरधनीहरुले शेयर प्रमाणपत्र लिन चाहेमा दरखास्तवालाले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने व्यवस्था रहेकोले शेयर प्रमाणपत्र लिन चाहने आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।
१४. कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरीदकालागि दरखास्त दिँदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरीद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि सहित कम्पनी वा संस्थाको प्रमुखको मुखाकृति स्पष्ट देखिने फोटो समेत समावेश गरी दरखास्त दिनुपर्नेछ ।
१५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
१६. आवेदकले भौतिक प्रमाणपत्र लिन चाहेमा बाँडफाँडमा परेको जानकारी पाए पश्चात् सो को निवेदन निष्काशन तथा बिक्री प्रवन्धकलाई उपलब्ध गराएमा भौतिक प्रमाणपत्र समेत वितरण गरिनेछ ।
१७. यस थप सार्वजनिक निष्काशनको लागि आवेदकले आवेदन दिँदा अनिवार्य रुपमा हितग्राही खाता नं.(Demat Account Number) आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

२०. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	सम्पर्क व्यक्ति	फोन नं.
१	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।*	प्रह्लाद श्रेष्ठ	०१-४४३७९६३
२	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय नयाँ बानेश्वर र लाजिम्पाट, काठमाडौं ।	राजेन्द्र लुइँटेल	०१-४४१८४५६
३	आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।		
४	एनएमबि बैंक लिमिटेड बबरमहल, चाबहिल, सितापाइला, बसुन्धरा, तिनकुने, थापाथली, नक्साल, टेकु, कलंकी-काठमाडौं; कुमारीपाटी, पुल्चोक, लुभु, ठैव-ललितपुर; सुर्यविनायक-भक्तपुर; बनेपा-काभ्रे; दमक-झापा; चन्द्रगढी-झापा; बिर्तामोड-झापा; ताप्लेजुंग; फिदिम-पाँचथर; कटारी-उदयपुर; सल्लेरी-सोलुखुम्बु; रंगेलीरोड-विराटनगर, कञ्चनबारी-विराटनगर, उर्लाबारी-मोरंग; बेलबारी-मोरंग; पथरी-मोरंग; तरहरा-सुनसरी; धरान-सुनसरी; इटहरी-सुनसरी; जनकपुर; लहान-सिराहा; रामेछाप-मन्थली; किर्ने-दोलखा; विरगंज-पर्सा; धुन्चे-रसुवा; नारायणगढ-चितवन; गोरखा; सुनवल-नवलपरासी; ट्राफिकचोक-बुटवल; मणिग्राम-रुपन्देही; भैरहवा-रुपन्देही; सौ.फर्साटिकर-रुपन्देही; मुर्गिया-रुपन्देही; चुत्राबेसी-अर्घाखाँची; गोरुसिंगे-कपिलवस्तु; जितपुर-कपिलवस्तु; चन्द्रौटा-कपिलवस्तु; वालिंग-स्याङ्जा; तानसेन-पाल्पा; पोखरा-कास्की; तम्घास-गुल्मी; नेपालगंज-बाँके; लम्की-कैलाली; दैलेख; डोटी र धनगढीस्थित शाखा कार्यालयहरु ।	अनुप ताम्राकार	०१-४२४६१६०
५	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं ।	रञ्ज बहादुर साउद	०१-४२२२९३९
६	काठमाडौं क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाडौं ।*	सुभाष बस्नेत	०१-४१६८६३४
७	लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं ।	इशा श्रेष्ठ	०१-४७८०२२२
८	सि.वि.आई.एल. क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाडौं ।	सन्जिव भण्डारी	०१-४४१७७२३
९	भिवोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुर	पवन रेग्मी	०१-५५५४७९३
१०	ग्लोबल आइएमई क्यापिटल लिमिटेड, जमल, काठमाडौं ।	प्रबिना पाण्डे	०१-४२२२४६०
११	एस क्यापिटल लिमिटेड, लालदरबार, काठमाडौं ।	हुमा आचार्य	०१-४४२६१६१
१२	सिभिल क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाडौं ।	कमल खत्री	०१-४१६८६५४
१३	एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौं ।	मनिष शाही	०१-४००५०५८
१४	कृति क्यापिटल एण्ड इन्भेष्टमेन्ट लिमिटेड, बाघदरबार, काठमाडौं ।	बिन्दु अधिकारी	०१-४२६६३२५
१५	नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौं ।	प्रज्वल रेग्मी	०१-४४१२७४३
१६	एन.सि.एम. मर्चेन्ट बैंकिङ्ग लिमिटेड, कमलपोखरी, काठमाडौं ।	अर्चना श्रेष्ठ	०१-४४२८५५०
१७	गुडविल फाइनान्स लिमिटेड, हात्तिसार तथा शाखा कार्यालयहरु, डिल्लीबजार, इन्द्रचोक-काठमाडौं; कुमारिपाटी-ललितपुर; टौमाडी-भक्तपुर; इटहरी-सुनसरी; नेपालगंज-बाँके; बिर्तामोड-झापा; घोराही-दाङ्ग; इलाम; फिदिम ।	सुदिप मानन्धर	०१-४४४४०३९
१८	सेन्ट्रल फाइनान्स लिमिटेड, कुपण्डोल, ललितपुर तथा शाखा कार्यालयहरु, चाबहिल-काठमाडौं; सहिदचोक-नारायणगढ; मिलनचोक-बुटवल ।	अशोक कुमार पौडेल	०१-५५४४५१७
१९	सगरमाथा फाइनान्स लिमिटेड, मानभवन, ललितपुर ।	रविन्द्र सुवेदी	०१-५५४७८४१
२०	गोर्खाज फाइनान्स लिमिटेड, डिल्लीबजार, काठमाडौं तथा शाखा कार्यालयहरु, बौद्ध, नयाँ सडक-काठमाडौं; सुर्यविनायक-भक्तपुर; सातदोबाटो-ललितपुर; चितवन-नारायणगढ; इटहरी-सुनसरी; धरान-सुनसरी; बिर्तामोड-झापा; दमक-झापा ।	मुकुन्द श्रेष्ठ	०१-४४३७४०१
२१	आइ.सी.एफ.सी. फाइनान्स लिमिटेड, थिरबम सडक, भाटभटेनी-काठमाडौं तथा शाखा कार्यालयहरु, बौद्ध, मैतिदेवी, गोगंबु, न्यूरोड, पेप्सीकोला-काठमाडौं; बनेपा, बुटवल, भैरहवा, रसुवा ।	नितेश तिवारी	०१-४४२५२९२
२२	लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड, ठमेल, काठमाडौं तथा शाखा कार्यालयहरु न्यूरोड-काठमाडौं; मानभवन-ललितपुर ।	रचना खड्गी	०१-४४२३४४३
२३	भार्गव विकास बैंक लिमिटेड, सुर्खेत रोड, नेपालगञ्ज ।	देव राज ढुङ्गाना	०८१-५२१०२७
२४	सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, विराटनगर तथा शाखा कार्यालयहरु इलाम र फिदिम ।	शुभेच्छा निरौला	०२१-५२८१३५

* उपरोक्त संकलन केन्द्रहरुबाट चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ ।

उपरोक्त स्थानको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरु/वित्तीय संस्थाहरुमा आवेदन फारम तथा विरणपत्र प्राप्त गर्न र आवदेन फारम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू)को क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनु अघिको मितिसम्ममा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत् रजिष्ट्री गरी एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	श्री एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं ।	००१३०६०००५४०१००००१८४
२.	श्री स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं ।	०२-२८३१३२५-०१

साथै आवश्यकता अनुसार तीन दिन अगाडि नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत निष्काशन बैंक तोक्न सकिने छ ।

२२. धितोपत्र बिक्री खुला अवधि :

यस विवरणपत्रद्वारा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुला भएको मितिबाट कम्तीमा ४ दिन र बढिमा १५ दिनसम्म खुला रहनेछ ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ साथै गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा स्मृति महर्जनलाई फोन नं. ०१-४४३७९६० मा सम्पर्क गर्न सकिनेछ ।

२४. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई बैंकले **"[ईक्रा एनपि] आईपिओ ग्रेड २+"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।



दरखास्त फारमको नमुना

दरखास्त दिन पाउने न्यूनतम शेयर : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर : २५,५८० कित्ता

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोबार गर्ने

प्रति दरखास्त फारम रु.२/-

फोटो अनिवार्य

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था
नयाँ बानेश्वर, काठमाडौं ।
फोन नं. ९७७-१-४७८१८००, फ्याक्स नं. ९७७-१-४७८०७६२
इमेलः clientcarecentre.nepal@sc.com / वेवसाइटः www.sc.com/np
को

थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत् जारी गरिएको
साधारण शेयर खरीद दरखास्त फारम

मार्फत्
एनएमबि क्यापिटल लिमिटेड

सि.नं.

श्री संचालक समिति,
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
नयाँ बानेश्वर, काठमाडौं, नेपाल ।

कोड नं.

हितग्राही खाता नं. अनिवार्य | हितग्राही खाता नं. DP ID Client ID

महाशय,

त्यस बैंकको मिति २०७३/११/०२ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा प्रति साधारण शेयर मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१,१९०/- थप गरी प्रति शेयर रु.१,२९०/- अंकित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.१,२९०/- को दरले हुन आउने जम्मा रु. .... (अक्षेरुपी ....) यसै साथ पठाएको छु/छौं । त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या	शेयर वापत जम्मा गरेको रकम		मिति २०७३/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम			
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.	
निवेदकको पूरा नाम नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
In English	Mr./Mrs./Miss/Minor (USE CAPITAL LETTER)		
स्थायी ठेगाना	घर नं./टोल	वडा नं.	गा.वि.स./न.पा. / जिल्ला
Permanent Address	House No./Tole	Ward No.	VDC/Municipality / District
सम्पर्क ठेगाना		Email Address	
P.O. Box No.	P.O. Box District	नागरिकता प्रमाण-पत्र नं.	नागरिकता जारी गरेको स्थान
PAN No.	Tel No.	Mobile No.	
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम नेपालीमा			
In English			USE CAPITAL LETTER
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grandfather's Name			
पति/पत्नीको नाम			
संरक्षकको नाम (नाबालकको हकमा)			
Guardian's Name (In case of minor)			
जन्म मिति	वि.सं.	AD	वैवाहिक स्थिति एकल ☐ विवाहित ☐ अन्य ☐ ✓ चिन्ह लगाउनु होला
Employment	Salaried Employed With: Pvt. Ltd. ☐ Pub. Ltd. ☐ Other ☐	Name of Employer	
Occupation	Self Employed ☐ CA ☐ Doctor ☐ Engineer ☐ Banker ☐ Business ☐ Retired ☐ Other ☐	Approx. annual income	
Do you maintain account with SCB Nepal (Yes ☐ No ☐) if Yes, please specify Account No:			

By applying for this offer, you agree that Standard Chartered Bank Nepal Ltd. may use your personal data, as provided in this form, to contact you and send regular updates on Products & Services. If you wish to withdraw this consent please tick on the box ☐

आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता (Demat Account No.) दरखास्त फारममा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता उल्लेख नगरेको वा सही हितग्राही खाता (Demat Account No.) उल्लेख नगरेको दरखास्त फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।
आफूले बुझाएको चेकको रकम भुक्तान भए नभएको आवेदक स्वयंले पनि यकिन गर्नु पर्नेछ ।

निवेदकको दस्तखत (Applicant's Signature)
(नाबालकको हकमा संरक्षकको दस्तखत)

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत्
एनएमबि क्यापिटल लिमिटेड
रसिद (दरखास्तवालाले भर्नुपर्ने)
सि.नं.

Applicant's Name			
Company's Name	STANDARD CHARTERED BANK NEPAL LIMITED		
No. of Shares Applied	Call Money per Share	Rs.1,290/-	Amount Deposited (Rs.)
Amount in Words			

For Official Use Only:
Received by:
Date:
Stamp
Code No.
DP ID
Client ID

निवेदकको दस्तखत (Applicant's Signature)
(नाबालकको हकमा संरक्षकको दस्तखत)

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:
एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcapital.com.np